राक्सिराङ्ग गाउँपालिका

गाउँ कार्यपालिका,चैनपुर, मकवानपुर

बैठक संख्या : ०४/२०८२/०८३

मिति : २०८२/०७/२८ गते शुक्रबार

ने.सं. ११४५ कछलागा १० शुकवार

समय : बिहान ११:०० बजे

आज मिति २०८२ कार्तिक २८ गते शुकवार बिहान ११:०० बजे गाउँ कार्यपालिकाको अध्यक्ष श्री राजकुमार मल्ल ज्युको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको आ.ब. २०८२/०८३ को चौथो बैठक बसी निम्नानुसारको निर्णय गरियो :

उपस्थिति:

| सि.नं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री राजकुमार मल्ल | |
| २ | उपाध्यक्ष | श्री बनस्तम थिङ | |
| ३ | सदस्य | श्री बाबी राम मुक्तान, वडा अध्यक्ष-१ | |
| ४ | सदस्य | श्री बुद्ध राम मुक्तान, वडा अध्यक्ष-२ | |
| ५ | सदस्य | श्री उत्तम वाइवा, वडा अध्यक्ष-३ | |
| ६ | सदस्य | श्री संजय कोईराला, वडा अध्यक्ष-४ | |
| ७ | सदस्य | श्री हरि बहादुर प्रजा, वडा अध्यक्ष-५ | |
| ८ | सदस्य | श्री अकल बहादुर मोक्तान, वडा अध्यक्ष-६ | |
| ९ | सदस्य | श्री राम बहादुर प्रजा, वडा अध्यक्ष-७ | |
| १० | सदस्य | श्री युसाई प्रजा, वडा अध्यक्ष-८ | |
| ११ | सदस्य | श्री रामकुमार बाल्वा थिङ, वडा अध्यक्ष-९ | |
| १२ | सदस्य | श्री सुजता दमाई | |
| १३ | सदस्य | श्री सजिना मुक्तान नेपाली | |
| १४ | सदस्य | श्री शुशिला सुनार | |
| १५ | सदस्य | श्री शान्ता कुमारी अर्याल | |
| १६ | सदस्य | श्री सिँहलाल प्रजा | |
| १७ | सदस्य | श्री चन्द्रमान प्रजा | |
| १८ | सचिव | श्री पदम बहादुर बस्नेत | |

गाउँ कार्यपालिका,चैनपुर, मकवानपुर
बैठक संख्या : ३/२०८२/०८३

मिति : २०८२/०६/०७ गते मंगलबार
ने.सं. ११४५ कौलाथ्व २ मंगलवार
समय : बिहान ११:०० बजे

निर्णय नं. १:
यस कार्यपालिकाको गत बैठकबाट पारित भएका निर्णयहरुको समिक्षा गर्दा हालसम्म कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो। कार्यान्वयन हुन बाँकि निर्णयहरुलाई यथाशिघ्र कार्यान्वयन गर्ने।

निर्णय नं. २:

राक्सिराङ्ग गाउँपालिकाको आन्तरिक आयको प्रमुख स्रोतको रुपमा रहेको **मनहरी र गोराङ्गदि** खोलाबाट दीगो रुपमा ढुङ्गा, गिट्टी, बालुवा तथा नदीजन्य पदार्थको उत्खन्न तथा संकलन गर्ने कार्यको लागि **प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन** तयार गर्नुपर्ने भएकोले सो कार्यको लागि निम्न परामर्शदाता संस्थाहरुबाट पेस भएको **प्रारम्भिक वातावरणीय परीक्षण (IEE)** को **कार्यसूची (TOR)** स्वीकृत गर्ने:

- मनहरी खोलाको लागि गाउँपालिकाको तर्फबाट परामर्शदाता संस्था श्री **B. and J. Developers Pvt. Ltd., Lalitpur, Nepal** बाट पेश हुन आएको **प्रारम्भिक वातावरणीय परीक्षण (IEE)** को **कार्यसूची (TOR)** स्वीकृत गरी थप प्रकृया अगाडी बढाउने।
- गोराङ्गदि खोलाको लागि गाउँपालिकाको तर्फबाट परामर्शदाता संस्था श्री **Aakar Designers and Developers Pvt. Ltd., Kathmandu, Nepal** बाट पेश हुन आएको **प्रारम्भिक वातावरणीय परीक्षण (IEE)** को **कार्यसूची (TOR)** स्वीकृत गरी थप प्रकृया अगाडी बढाउने।

निर्णय नं. ३:

यस गाउँपालिका क्षेत्र भित्र संचालित बालुवा उद्योगहरुले आ.व.२०८१/०८२ मा खरिद बिक्री गरेको नदीजन्यपदार्थको बिवरण बमोजिम मिति २०८२/०७/२१ गते स्थलगत नापजाँच गरि राजश्व परामर्श समितिको मिति २०८२/०७/२५ गतेको बैठकबाट तपसिल बमोजिमको परिमाण मौज्दात रहेको हुँदा प्रमाणिकरण गरी कार्यान्वयन गर्न जिल्ला समन्वय समिति, मकवानपुरलाई अनुरोध गर्ने।

| सि.नं. | उद्योगको नाम | गत बर्षको मौज्दात प्रमाणित २०८०/०८१ | २०८०/०८२ मा खरिद | जम्मा मौज्दात | निकासी बिक्री जम्मा | श्रेस्ता अनुसार मौज्दात | नाप चेकजाँचबाट देखिएको परिमाण | फरक परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | धनलक्ष्मी बालुवा उद्योग राक्सिराङ्ग-०५ | ७३७.०० | १२२३५.०० | १२९७२.०० | ३८२.०० | ३८५.०० | ३८५ | -५.०० | |
| २ | बज्र हनुमान बालुवा उद्योग राक्सिराङ्ग-०५ | २९४९.७७ | १७३००.०० | २०२४९.७७ | १९१८६.०० | १०६३.७७ | १०८८.५० | -२४.७२ | |
| ३ | गंगोत्री बालुवा उद्योग राक्सिराङ्ग-०५ | १०१८६.७१ | १९१८.०० | १२१०४.७१ | ४३००.०० | ७८०४.७१ | ७७८१.३५ | -२३.३६ | |
| ४ | एस लामा क्रशर उद्योग राक्सिराङ्ग-०५ | ८९३४.६७ | ०.०० | ८९३४.६७ | ८५०४.०० | ४३०.६७ | ४४२८.०० | -२.६७ | |
| ५ | म्यानुवल डम्पिङ्ग (गा.पा.) | - | १०९२४.८८ | १०९२४.८८ | - | १०९२४.८८ | १०९२४.८८ | | |
| | जम्मा: | २२८०८.१५ | ४२४८५.८८ | ६५२९४.०३ | ४४६८०.०० | २०६१४.०३ | २०६०७.७३ | | घ.मी. |

निर्णय नं. ४:

आ.व.२०८१/०८२ को नदीजन्य पदार्थको मौज्दात प्रमाणिकरण भए बमोजिम आ.व.२०८२/०८३ को ठेक्का बन्दोवस्ती नभए सम्म बिगतको बर्षहरु जस्तै दारिमबास स्थित कर संकलन केन्द्रमा गाउँपालिकाको कर्मचारी खटाई तोकिएको दरमा निकासी कर संकलन गर्न यहि मिति २०८२/०८/०१ गते देखी कार्यविधी अनुसार सुविधा पाउने गरी श्री सिंगराम मुक्तान (फिल्ड सहायक) का.स. बिवेक थिङ्ग र आवश्यक संख्यामा ना[illegible]र प्रहरी खटाई र नेपाल प्रहरीको समन्वयमा नदीजन्य पदार्थ निकासी खुलाउने।

निर्णय नं. ५:

यस गाउँपालिकाको लागि आ.व. २०७५/०७६ को प्रदेश सरकारको बिशेष अनुदान शिर्षकबाट गाउँपालिका क्षेत्र भित्र बिद्युतिकरण बिस्तारका लागि अनुदानमध्येबाट गाउँ सभाको निर्णय बमोजिम रु.१,००,०००,००(एक करोड मात्र) बिद्युतकरणको सामाग्री खरिद गर्नका लागि नेपाल बिद्युत प्राधिकरण बितरण तथा ग्रहाक सेवा निर्देशानलय, हेटौडाको नाम्मा रु.१,००,०००,००(एक करोड मात्र) जम्मा गरि दिएकोमा महालेखापरीक्षकको कार्यालय, डोरमुकाम, मकवानपुरबाट मिति २०७६/०८/०६ मा भएको लेखा परिक्षण बमोजिमको प्रतिबेदनमा उक्त रकमको पे.फ. गरी समपरीक्षण गराउन निर्देशान भएकोमा, प्राधिकरणको कार्य सम्पन्न प्रतिबेदन र अन्य आवश्यक कागजपत्रको आधारमा उक्त पेश्की रकम मिति २०८०/०९/११ मा गो.भौ.नं.२६ अनुसार पेश्की फर्छ्यौट भई सकेको हुदाँ उक्त पेश्की बेरुजु रकम रु.१,००,०००,००(एक करोड मात्र) बेरुजु लगत कट्टाको लागि समपरिक्षण गर्ने निर्णय गरियो ।

निर्णय नं. ६:

यस आ.ब.२०८१/०८२ मा गाउँपालिकाको २ वटा हेभि मेसिन एकसाभेटर र ब्याकहोईलोडर संचालन भईरहेकोमा यस आ.ब.मा तपसिल बमोजिम आम्दानी खर्च भएकोले सोको अनुमोदन गर्ने ।

तपशील:-

| आ.व.२०८१/०८२ मा हेभीमेशिनबाट आम्दानी खर्चको बिवरण | | | | |
|---|---|---|---|---|
| सि.नं. | आय शिर्षक | आम्दानी रकम | ब्यय शिर्षक | खर्च रकम |
| १ | जिसिबि/एक्साभेटर भाडा बापत | ४,३७,२३३ | इन्धन खर्च | २३,३१,१२१ |
| २ | सडक सरसफाई मूल्यांकन/ ईन्धन र कामको | ३३,६३,९३५.२४ | ब्याक होईलोडर र एक्साभेटर मर्मत र सर्भिसिङ्ग खर्च | २६,३५,५६९ |
| ३ | योजनाको कार्य मूल्यांकनबाट | १२,७६,५९४.९७ | अपरेटर भत्ता | ३५४०० |
| | जम्मा- | ५०,७७,७६३.२१ | | ४७,०२०९० |

**निर्णय नं. ७:**

यस राक्सिराङ्ग गाउँपालिकाबाट विभिन्न कृषि पशुपञ्छी तथा मत्स्य विकास कार्यक्रममार्फत प्रवाह गरिने सेवालाई सरल, सहज, सुव्यवस्थित र प्रभावकारी बनाउन राक्सिराङ्ग गाउँपालिकाको ***कृषि पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२*** स्वीकृत गर्ने।

**निर्णय नं. ८:**

राक्सिराङ्ग गाउँपालिकाको लागि चालु आ.ब. २०८२/०८३ को स्वीकृत कार्यक्रम तथा बजेट अनुसार प्रदेश सरकारबाट हस्तान्तरित सशर्त अनुदानतर्फ खानेपानी स्रोत संरक्षण कार्यक्रमबाट देहायबमोजिम रकम विनियोजन गरी देहायका खानेपानी योजनाहरु कार्यान्वयन गर्ने।

| सि.नं. | योजनाको नाम | वडा नं. | रकम रु . |
|---|---|---|---|
| १ | गढुवान चिसापानी सोलार पम्पिङ्ग खानेपानी योजना | राक्सिराङ्ग १ | ४,५५,००० |
| २ | आँपखोल्ची ढुङ्गेधारा निर्माण तथा मुहान संरक्षण योजना | राक्सिराङ्ग ५ | ५,००,००० |
| ३ | तोम्बल खोला खानेपानी स्रोत संरक्षण योजना | राक्सिराङ्ग ९ | १२,००,००० |

**निर्णय नं. ९:**

यस राक्सिराङ्ग गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री पदम बहादुर बस्नेतज्यू क.सं.नं. २४४३३६ को मिति २०८२।०७।२५ गतेदेखि गृह मन्त्रालयअन्तर्गत सरुवा भएकोले उहाँको कार्यकालभरी यस गाउँपालिकाको प्रशासनिक नेतृत्वमा रही पुऱ्याउनुभएको योगदानको उच्च प्रशंसा गर्दै सरुवापछिको कार्यकाल अझै उज्वल बनोस भनी शुभकामनाको साथमा धन्यवाद व्यक्त गर्ने।

**निर्णय नं. १०:**

यस गाउँपालिका अन्तर्गत विद्यालय शिक्षक व्यवस्थापन सम्बन्धमा देहायबमोजिम गर्ने

क)यस गाउँपालिका अन्तर्गत विभिन्न विद्यालयमा कार्यरत शिक्षकहरुलाई देहायबमोजिम कामकाजमा सरुवा गर्ने

| सि.न. | शिक्षकको नाम थर | पद।तह | कार्यरत विद्यालय | कामकाज सरुवा भएको विद्यालय |
|---|---|---|---|---|
| १ | श्री जीवन कुमार मुक्तान | प्रा.शि. तृतीय | श्री कालीदेवी प्रावि, राक्सिराङ्ग ९ | श्री कालिका मावि, राक्सिराङ्ग ४ |
| २ | श्री आस्मा खातुन | प्रा. शि तृतीय | श्री कालिका मावि, राक्सिराङ्ग ४ | श्री जनजागृति प्रावि, राक्सिराङ्ग ४ |
| ३ | श्री श्री प्रसाद ब्लोन | प्रा शि तृतीय करार | श्री जनजागृति प्रावि, राक्सिराङ्ग ४ | श्री कालिका मावि, राक्सिराङ्ग ४ |
| ४ | श्री प्रकाश ब्लोन | प्रा शि तृतीय करार | श्री कालिका मावि, राक्सिराङ्ग ४ | श्री आधारभुत विद्यालय देविटार राक्सिराङ्ग ४ |

क. यस गाउँपालिका अन्तर्गतको श्री प्रजा जागृति माध्यामिक विद्यालयमा रिक्त हुन गएको नि. मा. वि. तह गणीत विषयमा रहेको राहत दरबन्दीलाई विद्यालयको आवश्यकता अनुसार नि. मा. वि. तह विज्ञान विषयमा परिवर्तन गर्ने।

निर्णय नं. ११:

खानेपानी पाईप वितरण

यस गाउँपालिकाको कार्यालयमा विभिन्न मितिमा प्राप्त विपद सम्बन्धी निवेदनको आधारमा तपसिलका व्यक्तिहरुलाई खानेपानी पाईप उपलब्ध गाराउने निर्णय गरियोः

| क,स. | निवेदक | ठेगाना | माग गरेको विबरण | दिईएको विवरण | कैफियत |
|---|---|---|---|---|---|
| १ | राम बहादुर स्याङ्तान | वडा नं. १ | २० mm | १ क्वायल | विपद |
| २ | मित्र बहादुर सुनार | वडा नं.९ | २० mm | १ क्वायल | विपद |
| ३ | रेवन प्रजा | वडा नं.७ | २५ mm | १ क्वायल | विपद |
| ४ | तिलक बहादुर प्रजा | वडा नं.७ | ३२ mm | १ क्वायल | विपद |
| ५ | मक बाहदुर मुक्तान | वडा नं.९ | ३२ mm | १ क्वायल | विपद |
| ६ | राज कुमार नेपाली | वडा नं.३ | ४० mm | १ क्वायल | विपद |
| ७ | सुमन प्रजा | वडा नं.५ | ३२ mm | १ क्वायल | विपद |
| ८ | सुमान प्रजा | वडा नं.५ | २५ mm | १०० मि. | विपद |
| ९ | सुर्य बहादुर बल | वडा नं.५ | २५ mm | १ क्वायल | विपद |
| १० | विर्ता कुमार प्रजा | वडा नं.५ | २५ mm | १ क्वायल | विपद |
| ११ | जशु राम प्रजा | वडा नं.५ | २५ mm | १ क्वायल | विपद |
| १२ | नेमराज रुम्बा | वडा नं.३ | २५ mm | २ क्वायल | विपद |
| १३ | राजेश सुनार | वडा नं.९ | २० mm | १ क्वायल | विपद |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | रितेश लामा | वडा नं.९ | ३२ mm | ८५० मि. | विपद |
| १५ | रबिन चेपाङ | वडा नं. ३ | २५mm | ३०० मि. | विपद |

**निर्णय नं. १२: विविध**

क. राक्सिराङ्ग गाउँपालिकाको लागि चालु आ.ब. २०८२/०८३ को स्वीकृत कार्यक्रम तथा बजेट अनुसार विविध जातजाति, धार्मिक सम्प्रदायको भाषा तथा संस्कृति संरक्षण कार्यक्रमबाट नौमति बाजा खरिदको लागि रु. ३००००० विनियोजन गर्ने र नौमति बाजा प्रशिक्षण तालिमको लागि रु २००००० विनियोजन गर्ने।

ख. यस गाउँपालिकामा रहेको सूचना प्रविधि अधिकृत पदको तह हालसम्म अधिकृतस्तर छैठौं रहेकोमा नेपाल सरकारको स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि-२०८२ को दफा ६(१) बमोजिम मिति २०८२।०७।०१ देखि लागु हुने गरी उक्त पदको तह अधिकृतस्तर सातौं कायम गरी हाल उक्त पदमा कार्यरत सूचना प्रविधि अधिकृत श्री रोमन पुडासैनीको करारमा सातौं तह कायम गरी करार संशोधन गर्ने। साथै सोहि कार्यविधिको दफा ६(३) बमोजिम तलव स्केलको २५ प्रतिशत गाउँपालिकाले लागत साझेदारी गर्ने।

ग. गाउँपालिकाको वडा नं ७ लाई चेपाङ्ग साँस्कृतिक तथा पर्यटकीय क्षेत्र घोषणा गरिसकिएकोमा उक्त घोषणा कार्यान्वयनको लागि चेपाङ्ग साँस्कृतिक तथा पर्यटकीय क्षेत्र विकास गुरुयोजना तर्जुमा गर्न गाउँपालिकाको चालु खर्च अन्तर्गतको अन्य फिर्ताबाट रु ९००००० विनियोजन गर्ने। साथै महिला सामुदायिक केन्द्र, राक्सिराङ्ग ५ को लागि फर्नीचर खरिद शीर्षकमा गाउँपालिकाको चालु खर्च अन्तर्गतको अन्य फिर्ताबाट रु १०,००,००० विनियोजन गर्ने।

घ. राक्सिराङ्ग गाउँपालिका वडा नं. ३ को लागि वडा कार्यालय व्यवस्थापन शीर्षकमा रु १०,००,००० गाउँपालिकाको लागि भैपरि आउने पुँजीगत खर्च शीर्षक स्रोतबाट रकम विनियोजन गर्ने।

ङ. यस बर्ष परेको बर्षातबाट गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका सडकहरु पहिरोको कारणले भत्कि क्षति भएको हुदाँ गाउँपालिकाको २ वटा हेभि मेशिनबाट तत्काल सडक सरसफाई कार्यमा २४सै घन्टा फिल्डमा खटिई मेशिन चलाउनु परेकोले डोजर अपरेटर (२) र सहायक अपरेटर (२) जना गरि ४ जनालाई खाना र खाजा बापत दैनिक रु.५००(पाँच सय) का दरले मिति २०८२/०६/१७ गते देखि दशै तिहारको बिदा बाहेक (मिति २०८२/०७/२२ सम्म) ३०(तिस) दिनको विभिन्न योजनाहरुबाट कट्टा गरिएको दायित्वबाट रु. ६०,०००(साठी हजार) बिनियोजन गरी सम्बन्धितको खातामा रकम उपलब्ध गराउने।

उपरोक्त व्यहोराको पेश हुन आएको प्रस्तावहरुलाई सर्वसम्मत निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| ................ (सुजता दमाई) कार्यपालिका सदस्य | ................ (सजिना मुक्तान नेपाली ) कार्यपालिका सदस्य | ................ (शुशिला सुनार) कार्यपालिका सदस्य | ................ (शान्ता कुमारी अर्याल) कार्यपालिका सदस्य |
| ................ (सिङ्गलाल प्रजा) कार्यपालिका सदस्य | ................ (चन्द्रमान प्रजा) कार्यपालिका सदस्य | ................ (बाबी राम मुक्तान) वडा अध्यक्ष | ................ (बुद्ध राम मुक्तान) वडा अध्यक्ष |
| ................ (उत्तम वाइवा) वडा अध्यक्ष | ................ (संजय कोइराला) वडा अध्यक्ष | ................ (हरि बहादुर प्रजा) वडा अध्यक्ष | ................ (अकल बहादुर मोक्तान) वडा अध्यक्ष |

| | | |
|---|---|---|
| ................ (राम बहादुर प्रजा) वडा अध्यक्ष | ................ (युसाई प्रजा) वडा अध्यक्ष | ................ (राम कुमार वाल्वा थिङ) वडा अध्यक्ष |

| | |
|---|---|
| ........................ | ........................ |
| (बनस्तम थिङ) | (राजकुमार मल्ल) |
| उपाध्यक्ष | अध्यक्ष |